# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, कात्तिक १७ गते, २०७७ साल (संख्या २८

# भाग ३

## नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

## सूचना

## काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्राधिकरण" भन्नाले काठमाडौं उपत्यकामा सार्वजनिक यातायातलाई नियमन र व्यवस्थापन गर्न सङ्घीय कानून बमोजिम स्थापना गरिने प्राधिकरण सम्झनु पर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ बमोजिम नियुक्ति भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण

पूर्वाधार निर्माण विकास समिति समिति सम्झनु पर्छ ।

(ज) "सार्वजनिक यातायात" भन्नाले काठमाडौं उपत्यकाभित्र यातायात सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भई प्राधिकरणमा सूचीकृत भएका सार्वजनिक यातायात सेवा प्रदान गर्ने सवारी साधन सम्झनु पर्छ।

३. <u>समितिको गठनः</u> (१) प्राधिकरणको लागि आवश्यक पर्ने पूर्वाधार तथा प्रणाली निर्माण गर्ने काम समेतको लागि काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने छन्:-

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री -अध्यक्ष

(ख) प्रमुख, काठमाडौं महानगरपालिका -सदस्य

(ग) प्रमुख, ललितपुर महानगरपालिका -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले तोकेका भक्तपुर जिल्लाका नगरपालिकाहरुमध्ये कम्तीमा एउटा नगरपालिका सहित काठमाडौं उपत्यकाका तीन वटा नगरपालिकाका प्रमुख -सदस्य

(च) सचिव, बागमती प्रदेश सरकारको यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(छ) प्रमुख, महानगरीय ट्राफिक प्रहरी महाशाखा -सदस्य

(ज) यातायात क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना महिला सहित दुईजना -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि दफा २१ को अधीनमा रही समितिको कार्यावधिसम्म कायम रहनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्यको कार्य सन्तोषजनक नभएमा वा निजले इमान्दारीपूर्वक पदीय दायित्व पालना नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. **योग्यता र अयोग्यताः** (१) दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्यको योग्यता देहाय बमोजिम हुनेछः–

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको,

(ग) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

(२) दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्यको अयोग्यता देहाय बमोजिम हुनेछः–

(क) उपदफा (१) बमोजिमको योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्त हुन वा बहाल रहन योग्य नभएको,

(घ) कुनै विदेशी मलुकुको आवासीय अनुमति प्राप्त गरेको ।

५. **<u>पद रिक्त हुने अवस्थाः</u>** (१) देहायको अवस्थामा दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्यको पद रिक्त हुनेछः–

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ३ को उपदफा (४) बमोजिम सदस्य पदबाट हटाइएमा,

(घ) निजको मत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा दफा २१ को अधीनमा रही बाँकी अवधिको लागि अर्को सदस्य नियुक्ति हुन सक्नेछ ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको भौतिक तथा संस्थागत संरचना तयार गर्ने,

(ख) प्राधिकरण स्थापना गर्न आवश्यक सम्भाव्यता अध्ययन गर्ने, गराउने र प्राधिकरण स्थापना र सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने,

(ग) प्राधिकरणको कार्य क्षेत्र र त्यसका संरचनाको गुरुयोजना तयार गर्ने,

(घ) प्राधिकरण सञ्चालनका लागि आवश्यक कार्यालय जस्ता भौतिक संरचनाका लागि आवश्यक जग्गा

खरिद गर्ने वा प्रचलित कानून बमोजिम जग्गा प्राप्ति गर्ने,

(ङ) भौतिक संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(च) प्राधिकरणको विकाससँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने तथा सरोकारवालासँग परामर्श गरी सुझाव लिने,

(छ) काठमाडौं उपत्यका सार्वजनिक यातायात सम्बन्धमा अवलम्बन गर्नु पर्ने अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र रणनीतिको मस्यौदा तयार गर्ने,

(ज) काठमाडौं उपत्यका सार्वजनिक यातायात सेवा सञ्चालन तथा व्यवस्थापनको शर्त निर्धारण गर्ने,

(झ) एकीकृत यातायात प्रणालीको विकास र सञ्चालन सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ञ) काठमाडौं उपत्यकाको सार्वजनिक यातायातका लागि सूचना प्रविधिमा



विभाग

आधारित एकीकृत प्रणाली, नगदविहीन भाडा प्रणाली र विद्युतीय टिकट प्रणालीको विकास गर्न आवश्यक अध्ययन तथा तयारी गर्ने,

(ट) काठमाडौं उपत्यकाको सार्वजनिक यातायात सेवाको बारेमा वास्तविक समयमा आधारित यातायात सेवा सूचना प्रणाली विकास गर्न आवश्यक अध्ययन तथा तयारी गर्ने,

(ठ) काठमाडौं उपत्यकाको सार्वजनिक यातायातसँग सम्बन्धित विवरण नियमित रुपमा सङ्कलन, अभिलेखन, अद्यावधिक गरी त्यसको उपयोग गर्ने,

(ड) प्रचलित कानून बमोजिम काठमाडौं उपत्यकाका बिसौनी, यात्रु प्रतिक्षालय तथा पार्किङ स्थल निर्धारण गर्न र त्यस्ता स्थल आसपासमा यात्रुको लागि आवश्यक शौचालय लगायतका न्यूनतम सेवा सुविधाको व्यवस्था गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ढ) काठमाडौं उपत्यकामा सञ्चालन हुने सार्वजनिक यातायातको रुट तथा

भाडा दर निर्धारण गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ण) समितिको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(त) काठमाडौं उपत्यकाको सार्वजनिक यातायातको लागि प्रयोग हुने सवारी साधनको गुणस्तर र मापदण्ड तोक्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(थ) काठमाडौं उपत्यकामा सार्वजनिक यातायात सञ्चालनको लागि प्राधिकरणले निजी क्षेत्र वा सार्वजनिक निकायसँग गर्ने सेवा खरिदको शर्त र ढाँचा विकास गर्ने,

(द) प्राधिकरणको स्थापना र सञ्चालन गर्नका लागि आवश्यक अन्य काम गर्ने वा गराउने ।

(२) उपदफा (१) बमोजिम काम कारबाही गर्दा समितिले नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ ।

७. **समितिको बैठकः** (१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायको पदाधिकारी वा स्वदेशी तथा विदेशी विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>कार्यकारी निर्देशकः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि कार्यकारी निर्देशक रहनेछ।

(२) नेपाल सरकारले मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग, व्यवस्थापन वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव र व्यवस्थापकीय क्षमता

भएका व्यक्तिमध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिम कार्यकारी निर्देशक नियुक्ति गर्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि दफा २१ को अधीनमा रही समितिको कार्यावधिसम्म कायम रहनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा वा निजले इमान्दारीपूर्वक पदीय दायित्व पालना नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) देहायको व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा नभएको,

(ग) साठी बर्ष उमेर पूरा भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्त हुन वा बहाल रहन योग्य नभएको,

(च) कुनै विदेशी मलुकुको आवासीय अनुमति प्राप्त गरेको ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले मन्त्रालय वा अन्तर्गतको इन्जिनियरिङ्ग सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्न तोक्न सक्नेछ।

९. <u>**कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्था:**</u> कार्यकारी निर्देशकको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ८ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) निज दफा ८ को उपदफा (५) बमोजिम अयोग्य भएमा, वा

(ङ) निजको मृत्यु भएमा ।

१०. <u>**कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:**</u> यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको प्रशासकीय र आर्थिक प्रमुखको रुपमा कार्य गर्ने,

(ख) समितिको निर्णयको अभिलेख राख्ने र सोको कार्यान्वयन गर्ने गराउने,

(ग) समितिको कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको स्याहार सम्भार र व्यवस्थापन गर्ने, गराउने,

(घ) समितिको वार्षिक योजना तथा कार्यक्रम तयार गरी समितिमा पेश गर्ने,

(ङ) समितिको वार्षिक आय-व्ययको विवरण तयार गर्ने,

(च) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(छ) समितिको लेखापरीक्षण गराउने,

(ज) समिति र नेपाल सरकार, प्रदेश सरकार, सम्बन्धित स्थानीय तह तथा अन्य निकाय बीच समन्वय तथा सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(झ) समितिले गर्ने भनी निर्दिष्ट गरिएका कार्य सम्पादन गर्न आवश्यक सूचना समितिलाई उपलब्ध गराउने,

(ञ) सहरी यातायातको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ट) प्राधिकरणको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गराई समिति समक्ष पेश गर्ने,

(ठ) समितिले दिएको निर्देशन बमोजिमका कार्य गर्ने, र

(ड) तोकिए बमोजिमका अन्य काम गर्ने।

११. **समितिका कर्मचारीः** (१) समितिको कार्य सम्पादनको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी उपलब्ध गराउन नसकेमा वा कुनै विज्ञ आवश्यक पर्ने भएमा समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा सेवा करारमा लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिइने कर्मचारी तथा विज्ञको सेवा सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकम रहने छन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) नेपाल सरकारको पूर्व स्वीकृति लिई समितिले लिएको ऋण, प्राप्त अनुदान वा अन्य कुनै किसिमबाट प्राप्त हुने आर्थिक सहायता रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको प्रचलित कानून बमोजिम स्थापना भएको "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिलाई जुन कार्यक्रम वा प्रयोजनको लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(६) समितिको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र समितिको लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(७) समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. <u>लेखा र लेखापरीक्षण</u>**:** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) समितिको आन्तरिक लेखा परीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको निकायबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात, नगदी र जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियमावली बमोजिम आफूले गर्नु पर्ने काम गर्न वा गराउनको लागि उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यावधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>बैठक भत्ता</u>: समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउने छन् ।

१६. <u>प्रतिवेदन पेश गर्ने</u>: (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१७. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. <u>नेपाल सरकारसँग सम्पर्कः</u> समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. <u>समितिको कार्यालयः</u> समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

२०. <u>नियम बनाउने अधिकारः</u> (१) समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२१. <u>समितिको कार्यावधिः</u> (१) समितिको कार्यावधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले दुई वर्षसम्म वा प्राधिकरण स्थापना गर्ने सम्बन्धी सङ्घीय ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिनमध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको कार्यावधि पूरा भएपछि समिति स्वत: विघटन हुनेछ ।

(३) उपदफा (२) बमोजिम समिति विघटन भएमा समितिको पदाधिकारी स्वत: पदमुक्त हुने छन् ।

(४) उपदफा (२) बमोजिम समिति विघटन भएमा समितिबाट भए गरेका काम कारबाही सम्बन्धी निर्णय, अभिलेख तथा समितिको नाममा तत्काल कायम रहेको चल अचल सम्पत्ति तथा दायित्व स्वत: नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायमा हस्तान्तरण हुनेछ ।

**आज्ञाले,**
**रविन्द्र नाथ श्रेष्ठ**
**नेपाल सरकारको सचिव ।**